- औलोबाट बच्नको लागि घर, गाउँ र समुदाय सफा राखी लामखुट्टेले फुल पार्न सक्ने स्थानहरुलाई नष्ट गर्नु पर्दछ। घर वरिपरि पानी जम्ने खाल्टा खाल्टी पुर्नु पर्दछ।





- समुदायमा विषादी छर्दा सहयोग गर्नु पर्दछ।



**किटनाशक विषादी छिड्काउ गरेको ठाउँमा कम्तिमा ३ महिनासम्म लिपपोत नगरौं।**

- औलो रोगको शंका लागेमा (चिन्ह र लक्षण देखिएमा) तुरुन्त नजिकैको स्वास्थ्य चौकीमा गई निदान तथा उपचार गर्नु पर्दछ।




- बाहिर घुम्न गएको व्यक्ति फर्कदा ज्वरो लिएर आएको अवस्थामा निदान र उपचारको लागि स्वास्थ्य संस्थामा जानको लागि सल्लाह दिनु पर्दछ।

- तालीम प्राप्त स्वास्थ्यकर्मीको सल्लाह बमोजिम पूरा औषधी सेवन गर्नाले औलो रोग निको हुन्छ।



**लामखुट्टेको टोकाईबाट बच्नु नै औलो रोकथामको सर्वोत्तम उपाय हो।**

# औलो

## (MALARIA)



**औलो (मलेरिया) निको हुने रोग हो, बेलैमा यसको निदान तथा उपचार गरौं।**

नेपाल सरकार, स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
**इपिडिमियोलोजी तथा**
**रोग नियन्त्रण महाशाखा**
टेकु, काठमाडौं।
सम्पर्क नं: ०१-४२५५७९६
वेवसाईट: www.edcd.gov.np

सहयोग (Supported by)
Save the Children

# औलो (Malaria) भनेको के हो ?

- औलो एनोफिलिज जातको संक्रमित पोथी लामखुट्टेको *(Female Anopheles)* टोकाईबाट हुने एक प्रकारको सरुवा रोग हो ।



*एनोफिलिज जातको पोथी लामखुट्टे*

- औलो लागेको व्यक्तिलाई लामखुट्टेले टोक्दा रगतसँगै औलोको परजिवि पनि चुस्दछ र लामखुट्टे संक्रमित हुनजान्छ ।



*परजीवी*

- त्यस्ता संक्रमित लामखुट्टेले स्वस्थ मानिसलाई टोकेमा औलो सर्दछ ।



**औलो रोगको समयमा नै उपचार नगरे ज्यान पनि जान सक्छ ।**



## औलो रोगका मुख्य लक्षणहरू :

- नियमित वा दिन विराएर ज्वरो आउनु ।
- काम ज्वरो आउनु र पसिना छुट्नु ।
- टाउको बेस्सरी दुख्नु, वाकवाकी वा बान्ता हुनु ।

## औलो रोगको रोकथाम :

- लामखुट्टेको टोकाईबाट बच्नु नै औलो रोकथामको सर्वोत्तम उपाय हो ।



- हात खुट्टा छोप्ने गरि पुरा बाहुला भएको कपडा लगाउनु पर्दछ ।
- शरिरको खुल्ला भागमा किटनाशक मल्हम/तेल लगाएर पनि लामखुट्टेको टोकाईबाट बच्न सकिन्छ ।

**औलोको लक्षण देखा परेमा स्वास्थ्य संस्थामा गई तुरुन्त निदान तथा उपचार गराऔं ।**



- सुत्ने बेला झूलभित्र सुत्ने बानी गर्नु पर्दछ ।
- घर भित्र, बाहिर, बरण्डा वा आँगनमा बस्दा लामखुट्टे धपाउने धुप प्रयोग गर्नु पर्दछ ।



- घर भित्र लामखुट्टे नपसोस भन्नाका लागि झ्याल ढोकाहरुमा जाली लगाउनु पर्दछ ।
- वन जंगलमा घाँस दाउरा गर्न जाँदा लामखुट्टेको टोकाईबाट बच्ने उपाय गर्नु पर्दछ ।

**सबै सरकारी स्वास्थ्य संस्थाहरूमा औलो रोगको निःशुल्क निदान तथा उपचार गरिन्छ ।**